# शासकीय सुधार नीति कार्यान्वयन सम्बन्धी अनुगमन कार्यक्रमको प्रतिवेदन

२०६८, वैशाख
धवलागिरी अञ्चल
पर्वत, बागलुङ, म्याग्दी र मुस्ताङ्ग

आयोजक
सामान्य प्रशासन मन्त्रालय
प्रशासन सुधार शाखा


प्रतिवेदकहरु
श्री विनोद के.सी. सहसचिव, सामान्य प्रशासन मन्त्रालय
श्री माहादेव पन्थ उप सचिव, सामान्य प्रशासन मन्त्रालय
श्री हिमलाल भण्डारी शा.अ., सामान्य प्रशासन मन्त्रालय
श्री सन्तोष सापकोटा क.अ., सामान्य प्रशासन मन्त्रालय

## कार्यक्रमको पृष्ठभूमि

नेपाल सरकारबाट लागू भएको शासकीय सुधार सम्बन्धी नीतिको कार्यान्वयन र यसको प्रभावकारिताको सम्बन्धमा सामान्य प्रशासन मन्त्रालयबाट नियमित रुपमा अनुगमन हुँदै आएको छ । यस क्रममा चालु आर्थिक वर्षमा यसका लागि कार्यक्रम स्वीकृत भई बजेट विनियोजन भएकाले उक्त कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा धौलागिरी अञ्चलका पर्वत, बाग्लुङ, म्याग्दी र मुस्ताङ जिल्लामा कार्यक्रम सम्पन्न गरिएको छ । स्थानीय स्तरका सरकारी कार्यालयहरुबाट शासकीय सुधार कार्यान्वयन गर्ने सम्बन्धमा भए गरेका कृयाकलापहरुको प्रत्यक्ष अवलोकन गर्ने र सार्वजनिक सेवा प्रवाहमा संलग्न निकाय एवं कर्मचारीहरुले सेवा प्रवाह गर्दा भोग्नु परेका व्यवहारिक कठिनाई र नीतिगत समस्याहरुको पहिचान गरी सुधारका क्षेत्रहरु पहिल्याउने अपेक्षाका साथ सुरु गरिएको यस कार्यक्रमका उद्देश्यहरु निम्नानुसार रहेका थिए :–

- ➡ स्थानीय स्तरमा सार्वजनिक सेवा प्रवाहको स्थिति अवलोकन गर्नु,
- ➡ सेवा प्रदायक कर्मचारीको कार्य वातावरण र निजहरुले अनुभुत गरेका कठिनाईहरुको पहिचान गर्नु,
- ➡ सेवा प्रवाहलाई छिटो छरितो, गुणस्तरीय र सर्वसाधारण नागरिकको अपेक्षा अनुरुप गराउन लिनु पर्ने नीतिगत पहलको लागि सुझाव संकलन गर्नु,
- ➡ शासकीय सुधार सम्बन्धी नीति कार्यान्वयन तथा त्यसको प्रभावकारिता सम्बन्धी विषयमा अध्ययन र अनुगमन गर्नु ।
- ➡ निजामती सेवा ऐन तथा नियमावली कार्यान्वयनका क्रममा देखा परेका समस्याको संकलन गरी सो को सम्बोधनको लागि लिनुपर्ने नीतिगत पहलको लागि सुझाव दिनु ।

## कार्यक्रममा संलग्न पदाधिकारीहरु

कार्यक्रममा अनुगमन टोलीको नेतृत्व सामान्य प्रशासन मन्त्रालयका सहसचिव तथा प्रशासन सुधार महाशाखा प्रमुख श्री विनोद के.सी.ले गर्नु भएको थियो । उक्त अनुगमन टोलीमा सामान्य प्रशासन मन्त्रालयका  उपसचिव श्री माहादेव पन्थ, शाखा अधिकृत हिमलाल भण्डारी लगायतका कर्मचारीहरुको संलग्नता रहेको थियो ।

## कार्यक्रमको विधि र सञ्चालन

यस अनुगमन कार्यक्रमका लागि छलफल तथा अन्तरक्रिया विधि अपनाइएको थियो । जिल्लास्थित सरकारी कार्यालयहरुका कार्यालय प्रमुख लगायत अन्य कर्मचारीहरुको उपस्थितिमा अन्तरक्रिया कार्यक्रमहरुको आयोजना गरिएको थियो । अनुगमन कार्यक्रम सञ्चालन गरिएका सवै ४ बटै जिल्लामा एउटै विधि अपनाईएको थियो । जस अनुसार कार्यक्रमको उद्घोषण मन्त्रालयका शाखा अधिकृत हिमलाल भण्डारीले गर्नुभएको थियो भने मन्त्रालयका उप सचिव श्री माहादेव पन्थले शासककीय सुधार कार्यक्रमका बारेमा संक्षिप्त जानकारी प्रस्तुत गर्नुभएको थियो । कार्यक्रमको बारेमा

संक्षिप्त जानकारी पश्चात सहभागी कर्मचारीहरुबाट धारणा, जिज्ञासा र सुझाव संकलन गरिएको थियो । सहभागीहरुबाट धारणा व्यक्त गर्ने क्रममा निम्न विषयहरुका अतिरिक्त सामान्य प्रशासन मन्त्रालयका कामकारबाहीहरुका बारेमा धारणा र निजामती प्रशासन लगायत कर्मचारीहरुका व्यक्तिगत गुनासाहरु समेत स्पष्ट रुपमा राख्न अनुरोध गरिएको थियो :–

- शासकीय सुधार सम्बन्धी नीतिको कार्यान्वयन र प्रभाव ।
- विद्यमान सेवा प्रवाह सम्बन्धी समस्याहरु,
- निजामती सेवा ऐन तथा नियमावली कार्यान्वयनको अवस्था,
- निजामती सेवा ऐन तथा नियमावलीमा गर्नुपर्ने सुधारका विषयहरु,
- समग्र निजामती प्रशासनमा सुधारका क्षेत्रहरु ।

सहभागीहरुबाट जिज्ञासा र सुझाव संकलन गरिसके पछि उनिहरुका जिज्ञासाहरुका विषयमा मन्त्रालयका सहसचिव श्री विनोद के.सी.बाट सम्बोधन भएको थियो । सम्बोधनका क्रममा वहाँले कर्मचारीहरुले उठाएका विषयहरुका अतिरिक्त सामान्य प्रशासन मन्त्रालयबाट भएका अन्य कल्याणकारी कार्यक्रमहरुको सम्बन्धमा समेत प्रकाश पार्नु भएको थियो । कार्यक्रमहरु सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुको अध्यक्षतामा सञ्चालन गरिएको थियो ।

जिल्लागत रुपमा सम्पन्न भएका अन्तरक्रिया कार्यक्रमको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ :–

**पर्वत जिल्ला**
मिति र समय – २०६८ बैशाख १९ गते विहान ९ :०० बजे
स्थान :– जिल्ला विकास समितिको कार्यालय पर्वतको सभाहल
कार्यक्रमको अध्यक्षता :– नि.प्रमुख जिल्ला अधिकारी श्री तुलसीराम पौडेलबाट

**बाग्लुङ जिल्ला**
मिति र समय – २०६८ बैशाख १९ गते साँझ ४:०० बजे
स्थान :– जिल्ला विकास समितिको कार्यालय बाग्लुङको सभाहल
कार्यक्रमको अध्यक्षता :– नि.प्रमुख जिल्ला अधिकारी श्री डोलराज ढकालबाट ।

**म्याग्दी जिल्ला**
मिति र समय – २०६८ बैशाख २० गते दिनको २:३० बजे
स्थान :– कर्मचारी मिलन केन्द्र, म्याग्दीको सभाहल
कार्यक्रमको अध्यक्षता :– प्रमुख जिल्ला अधिकारी श्री रामबहादुर कुरुम्बाङबाट ।

**मुस्ताङ जिल्ला**
मिति र समय – २०६८ बैशाख २२ गते दिनको २:०० बजे
स्थान :– जिल्ला विकास समितिको कार्यालय मुस्ताङको सभाहल
कार्यक्रमको अध्यक्षता :– प्रमुख जिल्ला अधिकारी श्री योगेन्द्र प्रसाद पाण्डेबाट ।

## उपस्थिति

अन्तरक्रिया कार्यक्रममा उपस्थित कर्मचारीहरुको विवरण यसै प्रतिवेदनसाथ पेश गरिएको छ ।

अन्तरक्रिया कार्यक्रममा सवै उपस्थित कर्मचारीहरुको सक्रीय सहभागिता होस, र कार्यक्रम बढी अन्तरक्रियात्मक होस् भन्ने उद्देश्यले आ–आफ्ना धारणाहरु निर्धक्कसाथ पालै पालो राख्न अवसर प्रदान गरिएको थियो । अन्तरक्रिया कार्यक्रममा सहभागी कार्यालय प्रमुख लगायत उपस्थित कर्मचारीहरुले राखेका धारणा, जिज्ञासा तथा सुझावहरुलाई निम्नानुसार जस्ताको तस्तै प्रस्तुत गरिएको छ :–

## पर्वत जिल्ला

जिल्ला शिक्षा कार्यालय

- ✓ निजामती सेवामा लागूभएको कार्यविवरण प्रत्येक कर्मचारीले बनाउने विषय सम्भव नदेखिएकोले समूह बनाएर कार्यविवरण तयार गर्न उपयुक्त हुने ।
- ✓ ऐनमा राखिएका कुराहरु अलि बढी बौद्धिक र आदर्शमुलक भएकोले व्यावहारिक पक्षमा बढी ध्यान दिनुपर्ने,
- ✓ कासमूले क्षमता देखाउने गरेको छैन । सबैको १०० प्रतिशत देखाएपछि उपलब्धी नहुने,
- ✓ नेतृत्व मूल्यांकनको विषय ऐनमै सिमित भएकोले यसमा सुधार आवश्यक देखिएको,
- ✓ ऐनले पाएको अधिकारको रुपमा रहेको सरुवा समेत सामान्य प्रशासन मन्त्रालयले गर्न नसकेको,
- ✓ सरुवाको समय नै उपयुक्त भएन । माघ फागून भन्दा शैक्षिक क्यालेन्डरअनुसार ठिक हो की ?
- ✓ कार्यविवरण बनेको लागू भएको तर नतिजामुलक बनाउन नसकिएको,
- ✓ अधिकार, कर्तव्य र उत्तरदायित्वबारे सबै तहमा किटान गर्न कठिन देखिएको ।

जिल्ला कृषि विकास कार्यालय

- ✓ कार्यविवरण अधिकृत तहसम्म मात्रै कार्यान्वयन गर्न सकिएको,
- ✓ कासमूको सुचकांकहरु जस्तो समय, परिणाम, लागत, गुण आदि विषय बढी प्राविधिक भएको र यी आधारहरु नै ठिक नभएको,
- ✓ कासमूमा नजिकका आसेपासेलाई बढी अंक दिने गरिएको र जिल्लामा बस्नेलाई नम्बर कम प्राप्त हुने गरेको,
- ✓ मूल्यांकन प्रविधिनै गलत छ । ऐच्छिक मूल्यांकनको उपादेयता देखिएको छैन,
- ✓ कार्यक्रम र बजेटको अख्तियारी समयमा आउदैन । निर्देशिकाका साथ प्रस्तुत हुने भने पनि समयमा आउन नसकेको,
- ✓ कार्यालयहरु स्थापना भएको तर आधुनिकीकरण हुन नसकेको । कार्यालयको कार्यप्रकृति अनुसार भौतिक सुविधामा ध्यान नदिइएको,

- ✓ भएका उपकरणको समेत व्यापक उपयोग नभएको,
- ✓ अध्ययनका लागि ४५ वर्षको सीमाले अध्ययनको अवसरलाई बन्देज लगाएकोले अध्ययनको लागि उमेरको हद तोक्न उपयुक्त नहुने,
- ✓ घर विदा सञ्चय १८० बाट बढाउने या बढी भएको विदाको पैसा वा सुविधा दिने व्यवस्था हुनुपर्ने,
- ✓ श्रेणीविहिन र २४घ१ को व्यवस्थाले तलव भत्तामा असमानता बढाइदिएको छ । सवारी चालकलाई हाकीमको नजिक भएकोले माथि तानिएको पो हो की ?
- ✓ निक्षेपणको कार्य के भइरहेको छ स्पष्ट हुन नसकेको,

जिल्ला सिंचाई कार्यालय

- ✓ कार्यविवरण तयार नगरिएको । कार्यादेश अनुसार कार्य सम्पादन गरिएको । प्राविधिक कार्यालय भएकोले कार्यादेशलाई नै अवलम्बन गनुपर्ने स्थिति रहेको,
- ✓ कार्यालयका पदले नै सामान्यत कार्यविवरणको खाका दिन खोजेको,
- ✓ रिक्त कार्यालय सहयोगीको दरवन्दीमा पदपुर्ति समयमा भएन,
- ✓ सवारी चालकको दरवन्दी नै छैन । सवारी साधन छ चालक छैन,
- ✓ टाइपिष्ट दरवन्दी बढुवा वा सरुवा भैसकेपछि कम्प्यूटर अपरेटरमा परिवर्तन गर्न सामान्य प्रशासन मन्त्रालयमा लेखि पठाउँदा पनि सुनुवाई नभएको,

जिल्ला बन कार्यालय

- ✓ कार्यविवरण पद अनुसार बनाइएको छ । समय अनुसार सुधार भने भएको छैन,
- ✓ परिचरको पद लगायतका पदहरुमा करार नियुक्त गर्ने व्यवस्था भएकोले चिठी आदान प्रदान लगायत कार्यालयको कार्यमा बाधा पुगेको । दरवन्दी रिक्त छ,
- ✓ कथनी र करनी मिलेको छैन,

जिल्ला नापी कार्यालय

- ✓ कार्यक्रमको विषय र सन्दर्भ पैले दिएको भए राम्रो हुन्थ्यो,
- ✓ कार्यालयमा अमिन लगायतका दरवन्दी रिक्त भएकोले प्राविधिक कार्यालयहरु सञ्चालन गर्न कठिनाई भएको,
- ✓ सरुवा भै हाले पनि कर्मचारी समयमा नआउने,
- ✓ भ्रमण आदेश पनि ७ दिनको मात्रै दिने व्यवस्थाले गाउँ गाउँमा सेवा दिन नसकिएको,
- ✓ कर्मचारीलाई सेवा सुविधा बढाउने हो भने भ्रष्टाचार कम हुन्थ्यो,
- ✓ तालीम सम्बन्धमा सम्बन्धित कर्मचारीहरु इच्छुक नभएको किनकी तालिमबाट उनीहरुले पाउने लाभ न्यून वा शुन्य रहेको,
- ✓ जग्गा नापको नयाँ प्रविधि उपयोग गरिनु पर्ने तथा जग्गाको मुल्यांकन समय सान्दर्भिक गरिनुपर्ने,

महिला तथा बालबालिका कार्यालय

- ✓ कार्यविवरण बनेको थियो । कार्यविवरण भन्दा बढी काम भएको भएता पनि नतिजामुलक भएको छैन,
- ✓ हरेक आर्थिक वर्षमा कार्ययोजना बनाएर गर्ने गरिएको,
- ✓ महिलालाई देश विकासमा सहभागी गराउने उद्देश्यसाथ सहभागी गराइएको भएतापनी अपेक्षीत रुपमा त्यसको प्रभावकारिता नदेखिएको,
- ✓ महिला विकास सम्बन्धी कार्यक्रम र जेष्ठ नागरिकको सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम जस्ता कार्यले कामको प्रकृति अनुसार कर्मचारीको दरवन्दी पर्याप्त छैन । भएको पनि पुर्ति हुन नसकेको,
- ✓ दोहोरो भुमिका निभाउन परेको । प्रशासनिक दरवन्दी नभएकोले समस्या परिरहेको,
- ✓ सामान्य प्रक्रियाबाट आएको भन्ने आरोप कहिलेसम्म सुनिरहने हो ?
- ✓ काम समान गर्नुपर्ने तर सुविधा किन फरक फरक गरिने ?
- ✓ सेवा जोडियो कासमू जोडिएको छैन ।

गाउ विकास समितिको कार्यालय

- ✓ बजेट ठुलो भएको र खरिदारलाई भारी बोकाइएको,
- ✓ गाविस सचिवलाई सरुवा गर्न स्थानीय विकासको स्विकृति लिनुपर्ने व्यवस्थाले तगारो लगाएको । आउन खुला जान रोक लगाउने कार्य ठिक भएन,
- ✓ गाविस सचिव हाकिम देखी कार्यालय सहयोगी सम्म हुन परेको । धेरै काम गर्नुपर्ने तर कासमुमा अंक कम दिने गरिएको,

जिल्ला प्रहरी प्रमुख

- ✓ प्रहरी संगठनमा पनि यस्तो अनुगमन कार्यक्रम र अन्तरक्रिया हुन सके राम्रो हुन्थ्यो ।

स्थानीय विकास अधिकारी

- ✓ टिमलाई धन्यवाद र स्वागत ।
- ✓ सम्पूर्ण कार्यालय प्रमुखले व्यक्त गरेका विषयहरु अत्यन्तै महत्वपूर्ण रहेको ।
- ✓ शासकीय सुधार र कार्य विवरण सम्बन्धमा हुबहु लागु गर्न नसकिएको ।
- ✓ साप्रमको बढुवा कार्यप्रणाली छिटो छरितो भएकोले सराहना व्यक्त ।
- ✓ सरुवालाई शैक्षिक शत्रसँग जोडेर गर्ने कि ?
- ✓ सरुवा हुँदा तोकिएको समयभन्दा बढी काम गर्नुपरेको अवस्था भएकोले पुनर्विचार गर्नुपर्ने ।
- ✓ कार्यक्रम र अख्तियारी विगतभन्दा छिटो त आउँछ तर बेलाबेलामा राजनीतिक अस्थिरताले ढिलो आउने गरेको । असारको शुरुवातमा आउने र खर्च गर्न साह्रै छोटो समय पाइने गरेको । जसले कामको गुणस्तरमा समेत ह्रास ल्याएको ।
- ✓ जिल्ला विकास समितिमा दुई प्रकारका कर्मचारी रहेकोले कार्य सन्तुलन नभएको । एकै किसिमका कर्मचारी भएमा कार्य सहज हुने थियो ।

- ✓ जब निक्षेपित भयो स्रोतहरु घट्यो । तलव भत्तामै सिमित भयो । निक्षेपित कार्य पनि अलमलिएको स्थिति भएको ।
- ✓ छात्रवृत्तिको संख्या बढाउन उपयुक्त हुने । सबै निजामती कर्मचारीका सन्ततीलाई समेट्न सके राम्रो हुने थियो,
- ✓ निर्वाचित जनप्रतिनिधि नभएकोले काम अस्तव्यस्त रुपले सञ्चालन भइरहेको ।
- ✓ गाविस सचिवलाई सोझै सेवामा लगाउनु भन्दा पूर्वसेवा तालिम दिएर काममा लगाउनु बढी उपयुक्त हुने ।
- ✓ कामको सन्दर्भ मिल्ने कार्यविवरण भए राम्रो हुने थियो ।

सहसचिव विनोद केसी, सामान्य प्रशासन मन्त्रालय

सहभागीहरुबाट उठेका जिज्ञासाको सम्बोधन गर्दै देहायका विषयहरु राख्नु भएको :–

- ✓ मन्त्रालयको नीति तथा कार्यदिशा सम्बन्धमा (आवास शिक्षा र स्वास्थ्यका विषयमा सम्बोधन भएमा तलव बढाउनु नपर्ने) गरी कार्य सञ्चालन गर्ने प्रयास गरिएको ।
- ✓ कर्मचारीको आवासका लागि सरकारी जग्गा प्राप्त गर्ने कार्य कठिन भएको ।
- ✓ आवासीय विद्यालयहरु केही वर्ष विदेशीलाई व्यवस्थापनको जिम्मा लगाउने सोंच रहेको,
- ✓ निजामती कर्मचारी अस्पतालको पहुँच देशैभरी पुग्न कठिन भएकोले स्वास्थ्य विमाको अवधारणा अगाडी सारिएको ।
- ✓ कार्यसम्पादनमा आधारित तलव प्रणाली सम्बन्धमा यसको सेवा वृद्धि भन्दा सुविधा वृद्धि गर्नु उपयुक्त हुने भएकोले यसतर्फ बढी ध्यान दिइएको । काम अनुसारको दाम पद्धति लागू गर्न उचित हुने भन्दै कार्यशैल परिवर्तन भएको सन्दर्भमा निजामती किताबखानाको उदाहरण पेश गर्नु भएको ।
- ✓ सूचकांक बनाएर कार्य सम्पादनमा आधारित तलव प्रणाली लागु गर्ने सम्बन्धमा कामको अनुगमन गर्ने लक्ष्य सामान्य प्रशासन मन्त्रालयको रहेको ।
- ✓ निजामती सेवामा महिला कर्मचारीहरुको बढोत्तरी सँगै सिंहदरबारबाट शिशु स्याहार केन्द्रको अवधारणा लागू गरी देश भरी विस्तार गर्ने लक्ष रहेको ।
- ✓ विश्वका प्रतिष्ठित विश्वविद्यालयमा निजामती कर्मचारीले भर्ना पाउँछ भने सरकारले अनुदान दिने व्यवस्थाका लागि अर्थ मन्त्रालयसँग कुरा भैरहेको ।
- ✓ सरुवालाई विकेन्द्रीत गर्ने सोंच मन्त्रालयको रहेको ।
- ✓ सरुवा नगर्नुको कारण कर्मचारीको स्थायीत्व खोजिएको पनि हो ।
- ✓ मन्त्रालयमा पारदर्शितालाई जोड दिइएको, प्राय सबै कागजपत्रहरु वेवसाइटमा राख्ने गरिएको,
- ✓ नेपाल सरकारलाई प्राप्त हुन आएका छात्रवृत्तिहरुका बारेमा समेत सामान्य प्रशासन मन्त्रालयले पारदर्शितालाई जोड दिने गरेको ।
- ✓ रा.प. अनंकित कर्मचारीका लागि छुट्टै कर्मचारी प्रशिक्षण केन्द्र स्थापना भैसकेको ।

- ✓ अधिकृतमुलक प्रणालीमा जानैपर्छ । कम्प्यूटर र गाडी चलाउने सिप आफैमा हुनुपर्ने, आवश्यक भएकै अवस्थामा सेवा करार गर्नु उपयुक्त ।
- ✓ गाविसमा उपसचिवको नेतृत्वमा सेवा केन्द्र स्थापना गर्नु उपयुक्त ।
- ✓ आरक्षणको प्रावधान भौगोलिकताको आधारमा बढी उपयुक्त हो की ।

अन्त्यमा,
कार्यक्रमका सभापति एवं नि.प्रमुख जिल्ला अधिकारीले कार्यक्रमको समापन गर्दै देहायका विषयमा आफ्नो धारणा राख्नु भएको :–

- ✓ अन्तरक्रिया कार्यक्रम उपलब्धिमुलक भएको ।
- ✓ स्थानीय स्तरमा जिम्मेवारी लिएका व्यक्तिहरुले आफ्ना धारणा व्यक्त गरिदिनु भएकोमा धन्यवाद ।
- ✓ सहभागीहरुले खुलस्त रुपमा राखेका धारणाहरुलाई सकारात्मक रुपमा लिई दिन आग्रह,
- ✓ जनतासँग आमनेसामने भएर काम गर्ने कर्मचारीहरु चौतर्फी दवावबीच कार्यरत रहनु परेको,
- ✓ जिल्ला प्रशासन कार्यालयमा कार्यविवरण सूचकांक सहित लागू भएको ।
- ✓ दवाव, तनाव र नियन्त्रणका विचमा रहेर स्थानीय स्तरमा कार्यरत कर्मचारीबाट कार्यसम्पादन भैरहेको । यस्तो दवावलाई न्यूनीकरण गर्न कार्यक्रम ल्याइनुपर्ने ।
- ✓ संवेदनशील र गम्भीर रुपमा केन्द्रले स्थानीय स्तरका गुनासा र सुझावलाई लिने नगरेको ।
- ✓ अनुगमन टोलीलाई धन्यवाद सहित कार्यक्रम समापन ।

## बागलुङ जिल्ला

सिचाई डिभिजन कार्यालय

- ✓ ऐनले व्यवस्था गरेको रा.प. अनंकितले १० वर्षसम्म एउटै अञ्चलमा अनिवार्य रुपमा बस्नु पर्ने प्रावधान व्यवहारिक नभएको तथा कार्यालय प्रमुखले सूचक सहित कार्यविवरण तयार गर्नुपर्ने व्यवस्थाले जटिल अवस्था सिर्जना भएको ।
- ✓ लगातार एउटै कार्यालयमा कार्य गर्नुपर्दा कार्यमा निरसता ल्याएको । जसबाट टिममा काम गर्न समेत बाधा उत्पन्न भैरहेको ।
- ✓ दक्ष कर्मचारीहरु उपलब्ध छैनन । अनुगमनमा समस्या छ । ठूलो कार्यक्षेत्र भएकोले उपभोक्ताको माग अनुसार सेवा प्रवाह हुन सकेको छैन ।

जिल्ला कृषि विकास कार्यालय

- ✓ कार्यालयमा कर्मचारीलाई कार्यविवरण उपलब्ध गराउने गरिएको ।
- ✓ सूचकांक सहित कार्यविवरण उपलब्ध गराउन प्राविधिक कार्यालय र फरक कार्यप्रकृति भएकोले समस्या सिर्जना भएको ।

- ✓ समूह समूहबीच नै सूचकांकमा समस्या छ ।
- ✓ विशेष बढुवाले लघुताभाष सिर्जना गरेको । जुनियरको मातहतमा सिनियर बस्नुपर्ने अवस्था आएको ।
- ✓ सेवाकेन्द्र कटौती हुँदा दरवन्दी समेत कटौती भएकोले जनघनत्वको हिसाबमा धेरै जनसंख्या र क्षेत्रलाई सेवा प्रवाह गर्न कठिनाइ र लगभग असम्भव भएको ।
- ✓ टेलीफोनबाट समेत सर्भिस दिन शुरुवात गरिएको ।
- ✓ साच्चिकै सेवाको प्रभावकारिता बढाउने हो भने सेवा केन्द्रहरु बढाउनु पर्ने ।

शाखा तथ्यांक कार्यालय

- ✓ शाखा तथ्यांक कार्यालयको काम केन्द्रलाई सहयोग गर्ने काम मात्रै भएको ।
- ✓ निजामती प्रशासन अधिकारमुखी भएको कर्तव्यमुखी नभएको ।
- ✓ निजामती सेवामा ट्रेड युनियनको व्यवस्थाले संगठनमा आवद्धलाई सरुवा वा कार्यक्रममा खटाउन मुश्कील हुने गरेको ।
- ✓ वृत्ति विकासको सुविधामा पनि विभेद छ । सेवा प्रवेशमा समेत उच्च योग्यता आवश्यक भएको तर बढुवाका लागि लामो समय कुर्नुपर्ने अवस्था छ ।
- ✓ सरुवालाई समेत न्यायमुलक बनाउनु पर्‍यो । कसैको दुर्गमबाट दुर्गमा सरुवा हुने र कसैको भने मन्त्रालयबाट मन्त्रालयमा मात्रै ।
- ✓ वैदेशिक अध्ययन तालिममा समेत केन्द्रका ले मात्रै अवसर पाउने गरेको ।
- ✓ कर्मचारीले आफ्नो कर्तव्य पनि भुल्न नहुने । सुधार आफैबाट हुनुपर्छ भन्ने मान्यतालाई स्थापित गर्नुपर्ने ।

जिल्ला विकास समिति

- ✓ सरकार परिवर्तन हुने वित्तिकै जिल्लामा सरुवाको आतंक चल्छ । अहिले पनि सो त्रास जारी छ ।
- ✓ आर्थिक वर्षको अन्त्यमा गएर सरुवा हुँदा विकास निर्माणका कार्यक्रमहरु प्रभावित हुने अवस्था छ । विकास निर्माण र सरुवा गर्ने तालिकाबिच तालमेल मिलेन । सरुवा अनुमानयोग्य हुनुपर्‍यो ।
- ✓ काज सरुवाको बेलामा लेखा प्रशासनबाट समन्वय र सहयोग नमिलेको । बरु न्यूनतम अवधि १ वर्ष राखौं ।
- ✓ संगठनका प्रतिनिधिहरु जो केन्द्रमा काजमा रहन्छन् उनीहरुको कासमू स्वत उत्कृष्ट हुने अवस्था रहेकोले सो को संशोधन आवश्यक ।
- ✓ केन्द्रमा बस्नेले मात्रै निजामती पुरुस्कार पाउने गरेको । जिल्लामा बस्नेलाई र केन्द्रमा बस्नेलाई समानुपातिक रुपमा वितरण हुनु उपयुक्त ।

जिल्ला प्रशासन कार्यालय

- ✓ कार्यविवरण तयार गर्नका लागि गृह मन्त्रालयबाट लेखी आएको । निर्देशिका भने प्राप्त हुन आएको छैन ।
- ✓ कर्मचारीले आफ्नो कार्यविवरण आफै तयार गर्ने गरी निर्देशन भएको तर सबैले तयार गर्न सकेनन वा बुझ्नेनन् ।
- ✓ कार्यविवरणबारे नै अन्योल छ कर्मचारीवीच । सरुवा र सेवा सुरक्षाका विषयलाई कार्यविवरणमा राख्ने गरेको अवस्था देखियो ।
- ✓ प्रजिअले अधिकार प्रत्यायोजन नगरेको अवस्थामा सहायक प्रजिअले कुनै भुमिका नपाउने अवस्था रहेको ।
- ✓ कर्मचारीको तालिमको विषय पदको कामसँग सम्बन्धित छैन । भएको तालिम पनि बढी सैद्दान्तिक भएको ।
- ✓ लामो सेवा अवधिमा पनि तालिम पाउन नसकेको स्थिति छ । जसले सेवा प्रवाहमा प्रभावकारिता अभिवृद्धि आउन नसकेको ।

खानेपानी डिभिजन कार्यालय

- ✓ पद सिर्जना गर्नेले नै कार्यविवरण तयार गर्नु उपयुक्त । नत्र थोपर्ने नै हो भने सुझाव किन लिने ?
- ✓ लुगा भत्ता पहिले पनि थियो तर सबैले पाउने भनेर हाल अगाडी आएकोले थप स्पष्टता आवश्यक ।

सहसचिव विनोद केसी, सामान्य प्रशासन मन्त्रालय

सहभागीहरुबाट उठेका जिज्ञासाको सम्बोधन गर्दै देहायका विषयहरु राख्नु भएको :–

- ✓ १० वर्षसम्म एउटै अञ्चलमा बस्नुपर्ने प्रावधान राज्य पुनसंरचनाको विषयसँग गाँसिएको हुनाले सो विषयलाई सम्बोधन गर्नका लागि यौटै कार्यालयमा हैन अञ्चल अन्तर्गत गर्न सकिने । क्षेत्रको प्रतिनिधित्व रहिरहोस् भन्ने अभिप्राय हो ।
- ✓ आधिकारिक ट्रेड युनियनको चुनाव भएपछि ट्रेड युनियन सम्बन्धी अस्पष्टता हट्ने अपेक्षा ।
- ✓ मन्त्रालयगत वृत्ति विकास प्रणाली भयो भने उपयुक्त हुन्छ कि,
- ✓ सरुवालाई न्यायमुलक बनाउने सम्बन्धमा मानवीय पक्ष समेत सँगसँगै आउने भएको भएतापनि केही रुपमा स्थायित्व आएको ।
- ✓ सबै विषयलाई सरुवासँग जोडिएको हुँदा सरुवा समाधान नभएर पर सार्ने वा हस्तान्तरण गर्ने अवस्था भएकोले समस्या नै छ ।
- ✓ सरुवाका लागि सफ्टवेयर बनाउने पो हो की ? किनकी नियन्त्रण अव प्रविधिविना सम्भव छैन ।
- ✓ बैदेशिक छात्रवृत्तिमा मन्त्रालयगत रुपमा सिटहरु आउने भएकोले सामान्य प्रशासन मन्त्रालयले समन्वय गर्न कठिन भएको ।

- ✓ सबै मन्त्रालयहरुले आफुले विदेश पठाएका कर्मचारीको विवरण आफ्नो वेवसाइटमा राख्नुपर्ने । यस्तो भएमा दोहोरो सुविधा लिएकाहरुको विवरण पाउन सजिलो हुने ।
- ✓ तालिम साप्रमको प्राथमिकताको विषय बनेको छ । यसै सन्दर्भमा अनंकितका लागि तालिम व्यवस्था गर्न छुट्टै प्रशासनिक तालिम केन्द्र स्थापना भैसकेको ।
- ✓ आगामी तीन वर्षका लागि आवश्यक तालिमको माग विवरण समेत वेवसाइटमा राखिएको जसले केही रुपमा पारदर्शिताको प्रवर्द्धन गरेको ।
- ✓ लुगा भत्ता केवल निजामती कर्मचारी र शिक्षकका लागि हो । शिक्षकहरुको हकमा शिक्षा मन्त्रालयले गर्ने । हाल लुगाको मोडलको विषय मन्त्रिपरिषदको प्रशासन समितिमा पुगेको ।
- ✓ निजामती पुरस्कारको लागि फागुनबाट शुरु भै भाद्र १० भित्रमा सम्पन्न गर्नेगरी कार्य योजन ाबनेको ।
- ✓ कर्मचारीतन्त्रको सुधारका लागि हरेक मन्त्रालय नै जिम्मेवार हुनुपर्ने ।
- ✓ २४घ१ को निरन्तरतालाई ज्येष्ठताका आधारमा प्रतिस्थापन गर्ने नीति लिइने ।
- ✓ मन्त्रालयको नीति तथा कार्यदिशा सम्बन्धमा (आवास शिक्षा र स्वास्थ्यका विषयमा सम्बोधन भएमा तलव बढाउनु नपर्ने) गरी कार्य सञ्चालन गर्ने प्रयास गरिएको । सरकारी जग्गा प्राप्त गर्ने कार्य कठिन । आवासिय विद्यालयहरु स्थापाना प्रत्येक जिल्लामा गर्ने गरी केही वर्ष विदेशी व्यवस्थापन गरी पछि बल्ल हामीले सञ्चालन गर्ने सोच रहेको ।
- ✓ कर्मचारी अस्पतालको पहुँच देशैभरी पुग्न कठिन भएकोले स्वास्थ्य विमाको अवधारणा अगाडी सारिएको ।
- ✓ कार्यसम्पादनमा आधारित तलव प्रणाली सम्बन्धमा यसको सेवा वृद्धि भन्दा सुविधा वृद्धि गर्नु उपयुक्त हुने भएकोले यसतर्फ बढी ध्यान दिइएको । काम अनुसारको दाम पद्धति लागू गर्न उचित हुने भन्दै कार्यशैली परिवर्तन भएको सन्दर्भमा निजामती किताबखानाको उदाहरण पेश गर्नु भएको ।
- ✓ सूचकांक बनाएर कार्य सम्पादनमा आधारित तलव प्रणाली लागु गर्ने सम्बन्धमा कामको अनुगमन गर्ने लक्ष्य सामान्य प्रशासन मन्त्रालयको रहेको ।
- ✓ शिशु स्याहार सम्बन्धमा सिंहदरवारमा शिशु स्याहार केन्द्र खोल्न खोजिरहेका छौ ।
- ✓ विश्वका प्रतिष्ठित विश्वविद्यालयमा निजामती कर्मचारीले भर्ना पाउँछ भने सरकारले अनुदान दिने व्यवस्थाका लागि अर्थ मन्त्रालयसँग कुरा भैरहेको
- ✓ सरुवा मन्त्रालयबाट परिवर्तन गरि मानव संसाधान मन्त्रालयको रुपमो रुपमा रुपान्तरण गर्ने गरी प्रस्ताव लगिएको ।

अन्त्यमा,
कार्यक्रमका सभापति एवं नि.प्रमुख जिल्ला अधिकारीले कार्यक्रमको समापन गर्दै देहायका विषयमा आफ्नो धारणा राख्नु भएको :–

- ✓ विषयहरु पुराना नै भएको तर जानकारीमा कम आएको हुँदा सो बारेमा प्रष्ट पारिएकोमा टिमलाई धन्यवाद ।
- ✓ कार्यक्रमलाई सफल बनाउन स्थानीय स्तरमा जिम्मेवारी लिएका व्यक्तिहरुले आफ्ना धारणा व्यक्त गरिदिनु भएकोमा धन्यवाद ।
- ✓ वस्तुगत रुपमा शासकीय सुधारले के गर्छ र कार्यक्रमले के उपलब्धी भयो भन्ने बारेमा समेत अज्ञानता रहेको ।
- ✓ प्रविधिमा स्थानीय निकायहरु अभ्यस्त भैसकेका छैनन् । नजाने पनि हो हो भनेर लाज जोगाउनु पर्ने स्थिति रहेको ।
- ✓ समग्रमा कार्यक्रम उपलब्धिमुलक नै रहेको ।
- ✓ टोलीलाई धन्यवाद सहित कार्यक्रम समापनको घोषणा ।

## म्याग्दी जिल्ला

ट्रेड युनियन प्रतिनिधि

- ✓ संगठनहरुले उठाएका विषयहरुलाई समाधान गरिएमा धेरै विषयहरु समेटिने धारणा व्यक्त ।
- ✓ तहगत प्रणालीको उपयुक्ततालाई त्यतीकै पन्छाएर बसिएको सन्दर्भमा केवल अध्ययन अनुगमन मात्रैले केही नहुने ।
- ✓ ट्रेड युनियनहरुले राखेको ८४ बुँदेका विषयमा के भएको छ ?
- ✓ १० वर्षे सरुवाका सम्बन्धमा विभेदकारी निणर्यहरु भएको, पहुँच पुगेकाको सरुवा भएको र आवश्यक भएमा प्रमाण समेत दिन सकिने ।
- ✓ बढुवा गर्दा तालिमको व्यवस्था गरिएमा काम नजान्ने अवस्था नरहने भएकोले कमसेकम सेवा प्रवेश गरेपछि २ तहसम्म बढुवा हुनु राम्रो ।

कोष तथा लेखा नियन्त्रक कार्यालय

- ✓ सेवाग्राहीको गुनासो बढेको मुख्य कारण विशेषत ऐनमा भएका अष्पष्ट व्यवस्थाहरुले भुमिका खेलेका ।
- ✓ सेवा प्रवेशपछि समयानुकुल सेवा सुविधा र वृत्ति विकास हुन नसकेको ।
- ✓ प्रवेश गर्नेहरु पनि स्वार्थप्रेरित हुने गरेको साथै सेवाग्राहीहरु पनि आफ्नो अनुकुल भएमा सराहना गर्ने र नभएमा खेदो खन्ने परम्परा छ ।
- ✓ २४घ१ सरकारलाई लिनु न खानु भएको सन्दर्भमा नियमावली संशोधनको विषय कहाँसम्म पुग्यो जानकारी दिनुपर्‍यो ।
- ✓ सामान्य प्रशासन मन्त्रालयले माघ फागुनमा सरुवा नगरेर नियम बनाउनेले नै नियम पालना नगरेको अवस्था भएकोले अस्तव्यस्त स्थिति रहेको ।
- ✓ स्वास्थ्य विमा दिएपछि औषधी उपचार खर्च के हुन्छ ?
- ✓ कर्मचारी संगठनको निर्वाचन बारेमा के प्रगति छ ?

- ✓ निजामती सेवा पुरुस्कार सर्वोत्कृष्ट अहिलेसम्म फेला नपरेको हो ?
- ✓ लुगा भत्ता बापतको वास्तविक कुरा के हो ?
- ✓ छात्रवृत्ति बारे स्पष्ट जानकारी पाउँ ।
- ✓ पहिलो पटक २४घ१ बमोजिम बढुवा भएका र त्यसपछि बढुवा भएका बिच तलवमानमा फरक परेको ।

कर्मचारी संगठन प्रतिनिधि

- ✓ सरुवा सरल तरिकाले हुनुपर्‍यो ।
- ✓ का.स.मु. बढुवा र फाइल बढुवामा कुनै विभेद देखिएको छैन । यौटै प्रकृतिको भएकोले समायोजन र फाइल बढुवा मध्ये एक मात्रै राख्नु राम्रो ।
- ✓ कर्मचारीलाई बढुवा र आन्तरिक प्रतियोगिता हुँदा हिमाली र दुर्गम जिल्लामा काम नगरीकन प्रतिस्पर्धा गर्न नदिने व्यवस्था गर्नुपर्‍यो ।
- ✓ १० वर्षे सरुवा व्यवस्थालाई घटाउनु पर्‍यो । नजिककालाई गरिहाल्ने अरुलाई नियम लाग्ने गराउनु भएन ।
- ✓ तलव भत्ता बढाउनु पर्‍यो । महंगीका आधारमा समायोजन गर्नुपर्‍यो ।
- ✓ खरीदारको तलवले सुब्बाको तलवलाई जित्ने अवस्थाको अन्त्य हुनुपर्‍यो ।

नापी कार्यालय

- ✓ ना.सु. र शाखा अधिकृतको तलबमा धेरै फरक भयो ।
- ✓ ना.सु. स्तरको कर्मचारीलाई कार्यालय प्रमुख राख्नु भएन ।
- ✓ मन्त्रालयमा रहेका नापी अधिकृतहरुलाई जिल्लामा राखेर नापी गर्ने कार्यमा खटाउनु पर्‍यो ।
- ✓ दैनिक भत्ता कम भयो । वर्षभरीमा भत्तामा १५००० मात्रै उपलब्ध छ । अनि कसरी सेवा प्रवाह गर्ने ?

जिल्ला स्वास्थ्य कार्यालय

- ✓ कार्यक्रममा उठेका विषयहरुको वास्तविक परिणामका लागी स्थायी सरकार आवश्यक ।
- ✓ हाम्रो कर्मचारीतन्त्र राजनीतिक दवावमा परिरह्यो । सामान्य प्रशासन मन्त्रालय पनि अलमलमा परेको देखियो । सेवालाई चुस्त बनाउने हो भने दण्ड र पुरुस्कारको व्यवस्थालाई कडा रुपमा लागु गरिएमा सुधार सम्भव हुन सक्छ ।
- ✓ सामान्य प्रशासन मन्त्रालय र अन्य मन्त्रालयहरुबीच समन्वयको अभाव देखियो । पाउने सेवा सुविधामा पनि अन्तर छ । यस्तो अवस्थाको अन्त्य हुनुपर्‍यो ।
- ✓ कार्यविवरण बनाउने कार्य कसको हो सो बारे स्पष्ट भएन ।

संगठन प्रतिनिधि

- ✓ शासकीय सुधारमा हामीले दिने सुविधा सहित हाम्रो आफ्नै सेवा सुविधाबारे सम्बन्धित विषयहरु पर्छन पर्दैनन्,
- ✓ संघीय व्यवस्थामा निजामती सेवा सम्बन्धमा मन्त्रालयको धारणा के छ,
- ✓ अहिले २ किसिमका कर्मचारी छौ, केन्द्रीय तहमा बसेर काम गर्ने र स्थानीय निकायमा बसेर गर्ने । यी बीचमा रहेको विभेद र समन्वय कसरी गर्ने ?
- ✓ सेवा प्रवेश गरेपछि कुनैपनि कर्मचारीलाई के काम गर्नुपर्ने हो सो बारेमा मार्गदर्शन तयार गरिनु पर्‍यो ।

जिल्ला भू संरक्षण कार्यालय

- ✓ गाउँमा जाँदा पान नं.नभएका विलबाट भुक्तानी नहुँदा समस्या पर्‍यो ।
- ✓ संघ संगठनहरु सबैलाई समेटेर एउटै बनाउनु पर्‍यो (एकल ट्रेड युनियन प्रणालीको व्यवस्था हुनुपर्‍यो ।

जिल्ला सिचाई कार्यालय

- ✓ २४घ१ मा बढुवा हुनका लागि पनि का.स.मु.नम्बर नपुगेको स्थिति भएकोले कार्यालय प्रमुखले सबैको मूल्यांकन गर्ने तर उसको मुल्यांकन सरोकारवालाबाट हुने व्यवस्था भएमा न्याय हुन्थ्यो ।
- ✓ निवृत्तिभरणको रकममा भएको फरक हटाउनु पर्‍यो ।

जिल्ला शिक्षा कार्यालय

- ✓ शिक्षक सेवामा अवकाशको हद ६० भएकोले यसलाई पुर्नविचार गर्नुपर्‍यो ।
- ✓ सम्बन्धित सेवा समूह संग सम्बन्धित विज्ञ र अनुसन्धानकर्तालाई पनि सेवा मा लिन सक्ने अवस्था सिर्जना भएमा राम्रो ।
- ✓ कार्यविवरण माथीबाटै तयार भएमा राम्रो । कार्यालय प्रमुखले सबै कार्य गर्न सक्दैन ।
- ✓ अनुगमन गर्दा कार्यालयबाट पाउने सेवा सुविधा समान स्तरमा छ कि छैन त्यो हेरेर सेवाग्राहीबाट पृष्ठपोषण लिनुपर्‍यो ।

गा.वि.स. सचिव

- ✓ हामी गाविस सचिव हौ की अध्यक्ष ? कार्यविवरण कसको राख्ने ?
- ✓ धम्की आउने गरेको तथा कार्यवोझ बढेकोले समस्या ।
- ✓ अर्थुंगे गाविसमा काम गर्ने गा.वि.स सचिव र र गुर्जामा बस्नेले गर्ने कार्यको कार्य विवरण के हुने ?
- ✓ काम गर्ने समय २४ घण्टे छ । सार्वजनिक विदाको सुविधा अनुभुति हुन सकेको छैन ।
- ✓ तालिम लिंदा प्राप्त हुने रकम सुविधामा गाउँ परिषदको निगाह वा तजबीजि रहने भएकोले यसमा सरकारले व्यवस्था गर्नु राम्रो ।

- ✓ कार्यालयमा पियन देखी हाकीम र गाविस अध्यक्षसम्मको भूमिका निर्वाह गर्नुपरेको अवस्थाले जटिलता ल्याएको छ ।

महिला तथा बालबालिका विकास कार्यालय

- ✓ कार्यसम्पादन हुने वित्तिकै रिपोर्टिंग गर्ने व्यवस्था भएमा राम्रो ।
- ✓ १३ जना कर्मचारीको दरवन्दी रहेको तर त्यसैमा पनि ५ रिक्त । यस्तो अवस्थाले जिल्लाभरका गाविसमा सेवा दिन समस्या भएको ।

जिल्ला शिक्षा कार्यालय

- ✓ फरक फरक जिल्लामा रहेर काम गर्दा कार्यविवरण फरक पर्ने स्थिति देखिएको ।
- ✓ कार्यविवरणमा एकरुपता आएमा राम्रो हुन्थ्यो कि ?
- ✓ कनिष्ट अन्तर्गत बरिष्ठलाई राखेको अवस्थामा सामान्य प्रशासन मन्त्रालयको परिपत्रलाई बेवास्ता गरेको अवस्था छ,
- ✓ योग्यता, ज्येष्ठता र २४घ१ बिच समन्वय हुनु पर्‍यो ।
- ✓ एकपटकका लागि २४घ१ विचमा मात्रै का.स.मु बढुवा भएमा समस्या कम हुन्थ्यो
- ✓ तलव बढाउन समस्या परेको हो भने सुविधा बढाउनु पर्‍यो । मुल्यवृद्धि नहुने गरी भत्ता, शैक्षिक भत्ता, पारवहन सुविधा तिर जोड दिनुपर्‍यो ।
- ✓ केन्द्रमा बस्नेले छात्रवृत्ति र अध्ययनको सुविधा पाइरहेकोले जिल्लास्तरमा रहेकालाई पनि सो सुविधा दिने गरी सामान्य प्रशासन मन्त्रालयले निर्देशन दिएको ।
- ✓ फिल्ड भत्ता कम भयो ।
- ✓ निजामती सेवामा प्रवेश गर्दाखेरीको पाठ्यक्रम र वास्तविक फिल्डमा कार्य गर्नुपर्ने अवस्थामा फरक परेकोले पाठ्यक्रम परिमार्जन गर्न आवश्यक ।

प्रमुख जिल्ला अधिकारी

- ✓ कर्मचारीको क्षमता विकासमा सामान्य प्रशासनले ध्यान नदिएको हो की?
- ✓ सुरक्षा अंगमा बढुवा र वृत्ति छिटो र व्यवस्थित भएको अवस्थामा निजामती सेवाले पनि सिक्ने हो की ?
- ✓ रा.प.अनंकितलाई तालिम दिने व्यवस्था हुनपर्‍यो ।
- ✓ सुशासन ऐनअनुसार राजनीतिक तह र प्रशासनिक तहले गर्ने काम स्पष्ट गरेको सन्दर्भमा प्रशासनिक नेतृत्वले अडान लिन नसकेको हो कि ?
- ✓ समग्रमा निजामती सेवा सुधारको अवस्थामा छ ।
- ✓ सेवाग्राहीहरुको कर्मचारीप्रति धारणा सकारात्मक बन्दै गएको अवस्था छ ।
- ✓ दरवन्दी सम्बन्धमा कर्मचारीहरु केन्द्रीकृत भएको अवस्था छ, दरवन्दी पुरै रिक्त नहुँदा पनि सेवा दिन नसक्ने अवस्था छ । सेवा दिने चाप बढदै गएको छ । यस विषयमा संगठन तथा व्यवस्थापन सर्भेक्षण गर्दा चुक्यौ की ?

- ✓ जिल्ला प्रशासन कार्यालयमा सरुवा गर्दा राजनीतिकरण भएकोले सहमती नदिने गरेकोले काजमा रहनुपर्ने स्थिति छ ।
- ✓ दुर्गममा कर्मचारी नबस्ने मनस्थिति भएको अवस्थामा उनीहरुलाई दुर्गममा टिकाउन के नीति लिएको छ ?
- ✓ फिल्डमा जाँदा पाउने सुविधा न्यून भएकोले त्यसलाई बढाउनु पर्ने ।

सहसचिव विनोद केसी, सामान्य प्रशासन मन्त्रालय

सहभागीहरुबाट उठेका जिज्ञासाको सम्बोधन गर्दै देहायका विषयहरु राख्नु भएको :–

- ✓ ८४ बुँदे मागका सम्बन्धमा विस्तृत छलफलपछि अर्थमन्त्रालयसँग समन्वय गर्नुपर्ने अवस्था रहेकोले समस्या सिर्जना भइरहेको । करिव २५ प्रतिशत जति मागहरु त सम्बोधन नै भैसकेको ।
- ✓ तहगत विषयमा नेपाल सरकारले तोकेको मितिमा लागु हुने भनिएकोले त्यत्तिकै थन्किएको छ ।
- ✓ रा.प.अनं. कर्मचारीको नियुक्ति पछि १० वर्षसम्म एउटै अञ्चलमा बस्नुपर्ने प्रावधान राज्य पुनसंरचनाको विषयसँग गाँसिएको हुनाले सो विषयलाई सम्बोधन गर्नका लागि यौटै कार्यालयमा हैन अञ्चल अन्तर्गत गर्न सकिने । क्षेत्रको प्रतिनिधित्व रहिरहोस् भन्ने अभिप्राय हो । अवधि घट्नुपर्छ भन्नेमा सहमत हुन सकिदैन । बरु गुणस्तर कसरी बढाउने भन्नेमा सोच्न सकिन्छ ।
- ✓ संगठनमा नयाँ रक्तसञ्चार नभएको अवस्थामा संस्था राम्रो नहुने उदाहरण संस्थानहरुलाई हेरे थाहा हुन्छ । संस्थानहरुको तुलनामा निजामती सेवा धेरै उत्कृष्ट छ ।
- ✓ कर्मचारीले प्रमोशन पाउनुपर्छ तर त्यो व्यावसायिक रुपले निर्धारित हुनुपर्छ ।
- ✓ ऐनमा सबै कुरा लेख्न सकिन्न । त्यसैले ऐन पछि नियमावली, निर्देशिका आदिहरु आउने गरेका हुन ।
- ✓ २४घ१ को निरन्तरतालाई ज्येष्ठताका आधारमा प्रतिस्थापन गर्ने नीति लिइने ।
- ✓ आधिकारिक ट्रेड युनियनको चुनाव भएपछि ट्रेड युनियन सम्बन्धी अस्पष्टता हट्ने अपेक्षा ।
- ✓ पद नभएको अवस्थामा बढुवा दिँदा समस्या उत्पन्न भयो । विस्तारै संगठनका प्रतिनिधिहरु पनि समाधान उन्मुख भएको देखिएको छ ।
- ✓ अहिलेसम्म तीनवटा मात्रै बढुवाको व्यवस्था भएकोमा अव चौथो रुपमा ज्येष्ठतालाई पनि आधार दिने गरी व्यवस्था गर्न लागिएको ।
- ✓ फिल्ड लेभलमा माथिल्लो तहको दरवन्दी सिर्जना हुने गरेको छैन । केन्द्रमा मात्रै सिर्जना हुन्छ ।
- ✓ प्रशासन पुनसरचना आयोगको प्रतिवेदन अनुसार सबै कर्मचारीहरुलाई यौटै बास्केटमा राखेर स्थानीय तहमा काजमा खटाउने र स्थानीय निकायमै राख्ने अवस्था भएमा १ तह बढुवा दिएर राखिने ।

- ✓ हाम्रो तलव बेन्चमार्क भयो । त्यसैले अव तलव हैन सुविधा बढाउने नीति लिइएको छ । मन्त्रालयको नीति तथा कार्यदिशा सम्बन्धमा (आवास शिक्षा र स्वास्थ्यका विषयमा सम्बोधन भएमा तलव बढाउनु नपर्ने) गरी कार्य सञ्चालन गर्ने प्रयास गरिएको । सरकारी जग्गा प्राप्त गर्ने कार्य कठिन । आवासिय विद्यालयहरु स्थापना प्रत्येक जिल्लामा गर्ने गरी केही वर्ष विदेशी व्यवस्थापन गरी पछि बल्ल हामीले सञ्चालन गर्ने सोच रहेको ।
- ✓ विमा रकम ४ जनाको परिवारलाई हुने गरी दुर्घटना विमा र स्वास्थ्य विमा गर्ने गरी व्यवस्था हुन सक्ने भएकोले अर्थ मन्त्रालयमा कुरा उठाइएको तर समस्या समाधान हुन सकेको छैन ।
- ✓ कर्मचारी आवास, छात्रवृत्ति, गुणस्तरिय शिक्षाका लागि आवासिय विद्यालयको सञ्चालन गर्नका लागि कार्यक्रम अगाडी बढाइएको । जग्गा प्राप्त गर्ने कार्य कठिन भइरहेको ।
- ✓ कर्मचारी क्लवको लागि प्रस्ताव पठाइएको छ ।
- ✓ विश्वका प्रतिष्ठित विश्वविद्यालयमा निजामती कर्मचारीले भर्ना पाउँछ भने सरकारले अनुदान दिने व्यवस्थाका लागि अर्थ मन्त्रालयसँग कुरा भैरहेको
- ✓ निजामती सेवा पुरुस्कार अहिले दोब्बर पारिएको छ । निजामती पुरस्कारको लागि फागुनबाट शुरु भै भाद्र १० भित्रमा सम्पन्न गर्नेगरी कार्य योजन ाबनेको ।
- ✓ लुगा भत्ता केवल निजामती कर्मचारी र शिक्षकका लागि  हो । शिक्षकहरुको हकमा शिक्षा मन्त्रालयले गर्ने । हाल लुगाको मोडलको विषय मन्त्रिपरिषदको प्रशासन समितिमा रहेको ।
- ✓ तलवमानमा बढी र घटी हुनु स्वाभाविक हो । संसारमै त्यस्तो भैरहेको हुन्छ । काम र अधिकारसँग सम्बन्धित भएकोले तलव सुविधामा फरक पर्नु स्वाभाविक हो ।
- ✓ सरुवालाई न्यायमुलक बनाउने सम्बन्धमा मानविय पक्ष समेत सँगसँगै आउने भएको भएतापनि केही रुपमा स्थायित्व आएको  । सबै विषयलाई सरुवासँग जोडिएको हुँदा सरुवा समाधान नभएर पर सार्ने वा हस्तान्तरण गर्ने अवस्था भएकोले समस्या नै छ ।
- ✓ सरुवाका लागि सफ्टवेयर बनाउने पो हो की ? किनकी नियन्त्रण अव प्रविधिविना सम्भव छैन ।
- ✓ जनताले हरेक कामको सूचना हेर्न पाउने व्यवस्था सुचनाको हकले गरिसकेकोले जतिसक्यो पारदर्शीता अवलम्बन गरिएकै राम्रो । ऐनले तोकेको बाहेक अन्यलाई गोप्य राखिरहनुपर्दैन ।
- ✓ देश अस्थिर छ प्रशासन चलिरहेकै छ, तर निजामती कर्मचारीले क्रेडिट नपाएकै हो ।
- ✓ सिनियरले बढुवा पाउनुपर्छ यस्तो अवस्था भएमा मात्रै समस्या समाधान हुनसक्छ ।
- ✓ तालिम मन्त्रालयको प्राथमिकताको विषय बनेको छ । यसै सन्दर्भमा रा.प. अनंकितका लागि तालिम व्यवस्था गर्न छुटै प्रशासनिक तालिम केन्द्र स्थापना भैसकेको ।
- ✓ कार्यसम्पादनमा आधारित तलव प्रणाली सम्बन्धमा यसको सेवा वृद्धि भन्दा सुविधा वृद्धि गर्नु उपयुक्त हुने भएकोले यसतर्फ बढी ध्यान दिइएको । काम अनुसारको दाम पद्धति लागू गर्न उचित हुने भन्दै कार्यशैली परिवर्तन भएको सन्दर्भमा निजामती किताबखानाको उदाहरण पेश गर्नु भएको ।
- ✓ सूचकांक बनाएर कार्य सम्पादनमा आधारित तलव प्रणाली लागु गर्ने सम्बन्धमा कामको अनुगमन गर्ने लक्ष्य सामान्य प्रशासन मन्त्रालयको रहेको ।

- ✓ कार्यशैलीमा परिवर्तन गर्न कार्यसम्पादनमा आधारित तलव प्रणाली प्रभावकारी देखिएको ।
- ✓ कर्मचारी अस्पतालको पहुँच देशैभरी पुग्न कठिन भएकोले स्वास्थ्य विमाको अवधारणा अगाडी सारिएको ।
- ✓ शिशु स्याहार सम्बन्धमा सिंहदरवारमा शिशु स्याहार केन्द्र खोल्न खोजिरहेका छौ । नेतृत्वको भूमिका महिला मन्त्रालयलाई दिइएको छ ।
- ✓ सबै मन्त्रालयहरुले आफुले विदेश पठाएका कर्मचारीको विवरण आफ्नो वेवसाइटमा राख्नुपर्ने । यस्तो भएमा दोहोरो सुविधा लिएकाहरुको विवरण पाउन सजिलो हुने । आवश्यक मात्रामा मन्त्रालयहरुबाट सहयोग पाउन नसकिएको ।
- ✓ आगामी तीन वर्षका लागी आवश्यक तालिमको माग विवरण समेत वेवसाइटमा राखिएको जसले केही रुपमा पारदर्शीताको प्रवर्द्धन गरेको ।
- ✓ हिमाल चढन जाँदा पनि बढुवाको अंक पाउनुपर्छ भनेर लविंग गरेको देखिएको छ, तसर्थ विकृतिहरु हामीमा पनि छ साथै समग्र कर्मचारीतन्त्रको सुधारका लागि हरेक मन्त्रालय नै जिम्मेवार हुनुपर्ने ।
- ✓ महंगीका कारण कानून बमोजिम नै तलव बढने स्थिति सिर्जना भैसकेको छ।
- ✓ सरुवा मन्त्रालयबाट परिवर्तन गरि मानव संसाधान मन्त्रालयको रुपमा रुपान्तरण गर्ने गरी प्रस्ताव लगिएको ।

अन्त्यमा कार्यक्रमका सभापतिज्यूको अनुमतिले कार्यक्रम सञ्चालकबाट कार्यक्रम समापनको घोषणा ।

## मुस्ताङ्ग जिल्ला

- ✓ जाडो समयममा स्थानीय वासिन्दाहरु नै ८० प्रतिशत भन्दा बढी बेसी झर्ने भएकोले सो समयमा निजामती कर्मचारीहरुलाई यहाँ बसेर सेवा दिन समस्या रहेको ।
- ✓ लुगाभत्ता स्थायीले मात्रै पाउने हो की अन्य करार र अस्थायीले पनि पाउने हो ? कार्यालयमा काम गर्ने भएकोले लुगा भत्ता दिनु उपयुक्त हो की ?
- ✓ सरुवा भएर आउन लामो समय लगाउने तर सरुवा भएर जाँदा तुरुन्त जाने अवस्था छ ।
- ✓ केन्द्रमा बसेकाहरु सधै केन्द्रमा बस्ने तर मोफसलमा बसेको सधै सधै बसिरहेको अवस्था ।

जिल्ला शिक्षा कार्यालय

- ✓ कतिपय अवस्थामा कार्यसम्पादन मुल्यांकन फाराम समयमै नपुग्ने अवस्था छ । तहगत रुपमा विभिन्न समस्या रहेको । नाम पहिचान आदि नै थाहा नभएको वा सरोकार नभएको व्यक्तिबाट मूल्यांकन हुने अवस्था छ । यसले बढुवा लगायतका वृत्ति विकासका अवसरबाट कर्मचारी वञ्चित हुन पुगेको छ ।

जिल्ला प्रशासन कार्यालय

- ✓ राजश्व प्रशासनसँग सम्बन्धित कार्य, सीमा प्रशासन लगायतका कार्यहरु समेत गर्नुपर्ने अवस्था छ तर आवश्यक मात्रामा पूवार्धार छैनन् । यहाँबाट सामान तिव्वततिर जाने भन्दा पनि तिव्बतबाट कम्बल, थर्मस लगायतका सामानहरु यता ल्याइने गरिएको छ । यसले चोरी निकासीमा बढावा दिएको छ । हामीले केवल पक्रेर बुझाउनेसम्म गर्ने तर सम्बन्धित विभागले कुनै चासो नदिएको अवस्था छ ।
- ✓ तुरुन्तै भन्सार संकलनका लागि आवश्यक कार्यालय यहाँ स्थापना गरिएमा उपयुक्त हुने ।
- ✓ अत्यधिक जाडो भएकोले सो सम्बन्धमा केही फरक व्यवस्था भएमा राम्रो हुने ।
- ✓ स्थानीय तहबाट उल्लेखनीय गुनासो आउने गरेको छैन ।
- ✓ विद्युत सुविधा अलि अस्थिर प्रकृतिको भएकोले कम्प्यूटरबाट प्रिन्ट समयमै गरी दिन नसकिएकोले नागरिकताको वितरणमा केही ढिलाई हुने गरेको छ ।
- ✓ राहदानी लिनका लागि जिल्लामा नै आउनुपर्ने भएकोले अधिकांश यहाँका स्थानीयहरु बाहिर नै बस्ने भएकोले उहाँहरुलाई राहदानी लिन आउने कार्य खर्चिलो भएको हुँदा सो सम्बन्धमा आवश्यक व्यवस्था भएमा उपयुक्त हुने ।
- ✓ दर्शनार्थीहरु वृद्ध वृद्धाहरु समेत आउने भएको र लेक लागेर विरामी पर्ने समस्या लगायतमा आपतकालिन सेवा दिनका लागि एम्बुलेन्सबाट दिने गरिएको भएतापनि पूवार्धार पर्याप्तता नभएको ।

महिला विकास कार्यालय

सानो जनशक्ति भएको भएतापनि यहाँ जनसंख्या सानो भएकोले जेनतेन गर्न सकिएको अवस्था छ ।

जिल्ला विकास समिति

- ✓ उपभोक्ता समितिहरुको समस्या छैन ।
- ✓ प्रत्येक गाविसमा दरवन्दी पदपूर्ति भएको अवस्था छ ।

जिल्ला हुलाक कार्यालय

- ✓ इलाका हुलाक कार्यालयहरुमा दरवन्दी रिक्त छ । आएका कर्मचारीहरु पनि हुलाकमा बस्न मानेनन् । हाम्रो काम त केवल लोकसेवामा माग पठाउने कर्मचारी आउछ नियुक्ति दिने अनि रमाना दिने र अन्त्यमा कार्यालय खाली रहने अवस्था छ ।
- ✓ पहुँच पुगेकोले सरुवा गरिहाल्ने, आकर्षक कार्यालयमा जाने र पहुँच नपुग्नेले यही दशौ वर्ष बस्नुपर्ने अवस्था रहेको छ ।
- ✓ सरुवा माघमा हुनुपर्नेमा नभएको तथा रोकिएकोले सरुवा भएर जान नपाइएको ।
- ✓ २४घ१ ले नाम दियो, तलव पनि दियो, काम दिएन ।

- ✓ अधिकार पनि नपाइने तर कन्र्फम पदमा वा समान पदको अधिकारयुक्त स्थानमा सरुवा हुन नपाउने अवस्थाले समस्या सिर्जना गरेको ।
- ✓ आरक्षण निश्चित समयको हुनुपर्नेमा पटक पटक आरक्षण पाइरहने अवस्थाले असक्षमहरुले पनि ठाउँ पाइरहने स्थितिले समस्या सिर्जना गरेको छ ।
- ✓ आरक्षण गर्दा आयलाई पनि ख्याल गरी न्यून आय भएकालाई मात्रै दिने व्यवस्था गरिएमा उत्तम हुने थियो ।
- ✓ प्रमुख जिल्ला अधिकारी र स्थानीय विकास अधिकारी रा.प.प्रथम श्रेणीको हुने व्यवस्था गरेमा उपयुक्त हुने ।

शितोष्ण बागवानी विकास केन्द्र, मार्फा मुस्ताङ्ग

- ✓ यस केन्द्रको “ए” ब्लकमा सिँचाईको लागि पानी संचित गर्ने पोखरी निर्माणको आवश्यकता छ ।
- ✓ केन्द्रका विभिन्न ब्लकहरुमा पर्खाल मजबुत नभएको तथा सामान्य ढुँगाहरु मात्र भएको हुँदा सुरक्षित हुन नसकेकोले उक्त कार्यको लागि बजेट विनियोजन गरी पर्खाल निर्माण गर्नुपर्ने देखिन्छ ।
- ✓ कार्यालय भवन तथा आवास गृहहरुको संरचना अत्यन्त पुरानो अवस्थामा रहेको हुँदा सो को लागि आवश्यक व्यवस्था हुनुपर्ने ।
- ✓ हाल रहेको कायम दरवन्दी अनुसार कार्यालयमा १४ जना कर्मचारी मात्र रहेको र एक जना कार्यालय सहयोगी करारमा नियुक्त  भएको अवस्था छ । मिति २०६७३।१६ गतेबाट खरिदार रा.प.अनं.द्वि. (प्रशासन) रिक्त रहेकोले कार्यालयको प्रशासनिक तथा स्टोरको काम गर्न कठिनाई उत्पन्न भएको छ । सो को लागि सरुवाबाट रिक्त पदपूर्ति गर्नुपर्ने देखिन्छ । साथै क्षेत्र सहायक रा.प.अनं.तृ. प्रा.-२, क्षेत्रचर रा.प.अनं.च.प्रा. १ र कार्यालय सहयोगी -२ रिक्त रहेको छ ।
- ✓ दुर्गम स्थानमा बसी प्रतिकूल भौगोलिक अवस्थाका बावजुद काम गर्ने कर्मचारीहरुलाई समय सापेक्ष स्वदेश तथा वैदेशिक तालिमको अवसर प्राप्त नभईरहेको अवस्था छ ।

सहसचिव विनोद केसी, सामान्य प्रशासन मन्त्रालय

सहभागीहरुबाट उठेका जिज्ञासाको सम्बोधन गर्दै देहायका विषयहरु राख्नु भएको :–

- ✓ कासमूको अंक समितिको कारणले घटने भन्ने विषयमा बढुवा सधैं विवादित विषय भएकोले नीतिगत रुपमै परिवर्तन गर्नुपर्ने हो की भन्ने सोंच आएको छ । केही समयसम्मका लागि ज्येष्ठतालाई प्राथमिकता दिने हो की भन्नेमा सोचिएको स्थिति छ ।
- ✓ निजामती सेवामा अस्थायी पद नरहने व्यवस्था भएकोले लुगा भत्ताको कुरै भएन ।

- ✓ विकास आयोजनाहरुमा अस्थायी दरवन्दी भएको अवस्थामा उनीहरुले लुगा भत्ता नपाउँदा समस्या रहेको ।
- ✓ सरुवा गर्दाको समय यकिन हुनु राम्रो । संगठनका प्रतिनिधिहरुलाई यस बारेमा कुरा राखिएको भएतापनि ठोस रुपमा र एकिकृत रुपमा पनि आएको ।
- ✓ सरुवा गर्नै परे पनि आ.व.को अन्त्यमा गर्नुभन्दा साउन भदौमा गर्न उपयुक्त छ ।
- ✓ सरुवा पनि विकेन्द्रीत गर्ने सोंचाई मन्त्रालयको रहेको ।
- ✓ सरुवा नगर्नुको कारण स्थायित्व खोजिएको कारण हो ।
- ✓ आवास शिक्षा र स्वास्थ्यका विषयमा सम्बोधन भएमा तलव बढाउनु नपर्ने भएकोले सो सम्बन्धी कार्य सञ्चालन गर्ने प्रयास गरिएको ।
- ✓ स्वेच्छिक अवकाशबाट रिक्त भएका पदहरु खारेज भएको हैनन् । यसमा लोकसेवा आयोगसँग माग गर्न सकिन्छ ।
- ✓ कल्याणकारी कार्यहरु गर्नका लागि विभिन्न कार्य शुरु भएको भएतापनि सरकारी जग्गा प्राप्त गर्ने कार्य कठिन ।
- ✓ निजामती सेवा पुरुस्कार अहिले दोब्बर पारिएको छ । निजामती पुरस्कारको लागि फागुनबाट शुरु भै भाद्र १० भित्रमा सम्पन्न गर्नेगरी कार्य योजन ाबनेको ।
- ✓ जग्गा प्राप्त गर्ने विषयमा सरकार जति कमजोर यो देशमा अरु कोही पनि रहेनछ । हाल २ जिल्लामा मात्रै आवास कार्यक्रम शुरुवात गर्न सकिएको छ ।
- ✓ कर्मचारी अस्पतालको पहुँच देशैभरी पुग्न कठिन भएकोले स्वास्थ्य विमाको अवधारणा अगाडी सारिएको ।
- ✓ कार्यसम्पादनमा आधारित तलव प्रणाली सम्बन्धमा यसको सेवा वृद्धि भन्दा सुविधा वृद्धि गर्नु उपयुक्त हुने भएकोले यसतर्फ बढी ध्यान दिइएको । काम अनुसारको दाम पद्धति लागू गर्न उचित हुने भन्दै कार्यशैली परिवर्तन भएको सन्दर्भमा निजामती किताबखानाको उदाहरण पेश गर्नु भएको ।
- ✓ सूचकांक बनाएर कार्य सम्पादनमा आधारित तलव प्रणाली लागु गर्ने सम्बन्धमा कामको अनुगमन गर्ने लक्ष्य सामान्य प्रशासन मन्त्रालयको रहेको ।
- ✓ कार्यशैलीमा परिवर्तन गर्न कासआतप्र प्रभावकारी देखिएको ।
- ✓ शिशु स्याहार सम्बन्धमा सिंहदरवारमा शिशु स्याहार केन्द्र खोल्न खोजिरहेका छौ ।
- ✓ विश्वका प्रतिष्ठित विश्वविद्यालयमा निजामती कर्मचारीले भर्ना पाउँछ भने सरकारले अनुदान दिने व्यवस्थाका लागि अर्थ मन्त्रालयसँग कुरा भैरहेको
- ✓ आवासीय विद्यालयहरु केही वर्ष विदेशी व्यवस्थापन गरी पछि बल्ल हामीले सञ्चालन गर्ने सोच रहेको ।
- ✓ पारदर्शीतालाई जोड दिइएको छ प्राय सबै कागजपत्रहरु वेवसाइटमा राखिएको ।
- ✓ नेपाल सरकारलाई प्राप्त हुन आएका छात्रवृत्तिहरुबारेमा समेत सामान्यले पारदर्शीता ल्याइएको ।
- ✓ रा.प.अनंकितका लागि तालिम व्यवस्था गर्न छुटै प्रशासनिक तालिम केन्द्र स्थापना भैसकेको ।

- ✓ अधिकृतमुलक प्रणालीमा जानैपर्छ। कम्प्यूटर र गाडी आफैले चलाउने गरि व्यवस्था गर्न सके राम्रो हुने । आवश्यक भएकै अवस्थामा सेवा करार गर्नु उपयुक्त ।
- ✓ गाविसमा उपसचिवको नेतृत्वमा सेवाा केन्द्र स्थापना गर्नु उपयुक्त ।
- ✓ आरक्षणको प्रावधान भौगोलिकताको आधारमा बढी उपयुक्त हो की ?

अन्त्यमा,
कार्यक्रमका सभापति एवं नि.प्रमुख जिल्ला अधिकारीले कार्यक्रमको समापन गर्दै देहायका विषयमा आफ्नो धारणा राख्नु भएको :–

- ✓ अर्न्तक्रिया कार्यक्रम उपलब्धिमुलक भएको ।
- ✓ सामुदायिक विद्यालयमा पढेका र एस.एल.सी.मा उत्कृष्ट अंक प्राप्त गरी उच्च शिक्षा (दश जोड दुई) अध्ययन गरिरहेका निजामती कर्मचारीका सन्तति २ जनालाई मासिक रु ५००० दिने गरी भएको व्यवस्था सम्बन्धमा मुस्ताङमा निवेदन नै नपरेको
- ✓ प्रस्तुत भएका जिज्ञासा तथा समस्याहरुकाबारेमा सहसचिवज्यूबाट भएको समाधान वा सुनुवाईको पहल सराहनीय । जानकारी पाउने मौका पायौ त्यसका लागि धन्यवाद ।
- ✓ सेवाग्राहीहरुलाई प्रत्यक्ष रुपमा सेवा प्रवाह गर्दाखेरी प्रशस्त चुनौती र अप्ठ्याराहरु आउने गरेको भएता पनि कार्यसञ्चालन भैरहेको अवस्था छ ।
- ✓ जनतासँग आमनेसामने भएर काम गर्ने कर्मचारीहरु चौतर्फी दवावबीच कार्यरत रहेका छन ।
- ✓ थुप्रै कार्यक्रमहरु सञ्चालनमा आएको भएतापनि त्यसको उपलब्धि सजिलै थाहा हुन नसकेको ।
- ✓ विशेष गरी कर प्रशासनसँग सम्बन्धित भन्दा अन्यमा विधि र प्रक्रिया नमिलेका कारण ढिलासुस्ती भएको हुनसक्ने विषयलाई विचार गरिनुपर्ने ।

उल्लेखित विषयहरुका अलावा कर्मचारीहरुले निजामती सेवामा हुनुपर्ने सुधार लगायत विभिन्न विषयहरुमा सुझावहरु दिएका थिए भने आफ्ना व्यक्तिगत गुनासाहरु पनि राखेका थिए । कर्मचारीहरुले उठाएका समस्या, जिज्ञासा र गुनासाहरुलाई  सामान्य प्रशासन मन्त्रालयका सहसचिव श्री विनोद केसीले सम्बोधन गर्नुभएको थियो । सम्बोधनका क्रममा वहाँले मन्त्रालयबाट समाधान गर्न सक्ने कुराहरुको हकमा तत्काल कारवाही सुरु गरिने र अन्य मन्त्रालयसँग सम्बन्धित समस्याहरु तत्तत् मन्त्रालयहरुमा जानकारी गराइने प्रतिवद्धता व्यक्त गर्दै नेपाल सरकार र सामान्य प्रशासन मन्त्रालयबाट शासकीय सुधार, कर्मचारी प्रशासनका क्षेत्रमा भएका सुधारका प्रयासहरु एवं समग्र सार्वजनिक कर्मचारी प्रशासनको क्षेत्रमा भईरहेका गतिविधिहरुका विषयमा प्रकाश पार्नु भएको थियो । कार्यक्रमको अन्त्यमा वहाले सवै कार्यालय प्रमुखहरुलाई धन्यवाद व्यक्त गर्नु भएको थियो ।

## सुझावहरु

४ बटै जिल्लाहरुमा सम्पन्न अन्तरक्रिया कार्यक्रममा उठेका सवालहरुका आधारमा निम्न सुझावहरु प्रस्तुत गरिएको छ :–

- निश्चित समय पछि सुगम स्थानमा सरुवा गर्नु पर्ने कानूनी प्रावधानलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउनु पर्ने,

- निजामती सेवा ऐन, २०४९ को दफा २४घ१ अनुसार बढुवा भएका कर्मचारीहरुको समायोजन गर्ने र मौजुदा बढुवा पद्धतिमा सुधार गरिनुपर्ने ।

- लामो समय सम्म कार्यालयको दरवन्दीमा पुनरावलोकन नभएकोले सेवा प्रवाहमा तथा नेपाल सरकारका विभिन्न सेवा, समूहमा कार्यरत कर्मचारीहरुको वृत्ति विकासका अवसरमा प्रभाव परेकोले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरवन्दीमा पुनरावलोकन गर्नु पर्ने ।

- निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियनको निर्वाचन तत्काल गरिनुपर्ने ।

- स्वेच्छिक अवकासको कारणले रिक्त भएको दरवन्दी पूर्ति नहुनाले काममा वाधा परेकोले त्यस्ता दरवन्दीमा आवस्यकता अनुसार पदपूर्ति गर्नु पर्ने ।

- जिल्लामा रहेका समान पद र श्रेणीमा काम गर्ने कर्मचारी मध्ये धेरै कर्मचारी रहेको कार्यालयवाट कम कर्मचारी भएको तर काम वढि भएको कार्यालयमा वढीमा २ जना ६ महिना सम्मका लागि काज खटाउने अधिकार प्रमुख जिल्ला अधिकारीलाई प्रत्यायोजन गर्ने ।

- निजामती कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन वस्तुनिष्ठ वनाउन कार्य विवरण र कार्य मापनका सुचकाङ्क स्पष्ट रुपले तोक्ने र सो अनुसार  कार्य सम्पादन मूल्याङ्कन गर्ने व्यवस्थालाई प्रभावकारी रुपले कार्यान्वयन गर्ने ।

- सह सचिव पदको खुला प्रतियोगितामा उप सचिव स्तरको पदमा कम्तिमा ५ वर्ष काम गरेको अनुभव हुनु पर्ने व्यवस्था गर्ने ।

- गा.वि.स. हरुमा कार्यबोभ्क अनुसार दरबन्दी र भौतिक सुविधाहरुको कमी भएकोले त्यस विषयमा सम्वन्धित निकायले ध्यान दिनु पर्ने ,

- सहायकस्तरका कर्मचारीको पदपुर्ति समयमा नहुदा कार्य सम्पादनमा कठिनाई भएकाले मुख्य काम गर्ने र सहायक काम गर्ने पदको वर्गिकरण गरि पदपुर्तिको प्रकृया अघि वढाउने ।

- न्युनतम शैक्षिक योग्यता (वि. ए. वा सो सरह) सेवा प्रवेश गर्दा एक पटक गणना गरे पछि पुन त्यही योग्यता माथिल्लो पदको वढुवाका लागि गणना गर्न नहुने ।

- नापी, मालपोत, जिल्ला प्रशासन जस्ता अभिलेख राख्ने कार्यालयहरुको तत्काल सुदृढिकरण र कम्प्युटरको माध्यमवाट अभिलेखको व्यवस्थापन गर्नु पर्ने ।

➡ सेवाग्राहीलाई सेवा लिने प्रकृयाको वारेमा जानकारी नभई सृजना भएका कठिनाईहरुको अन्त्यका लागि सवै कार्यालयमा सोधपुछ कक्ष अनिवार्य रुपले राख्ने व्यवस्था मिलाउने ।

➡ शासकीय सुधार सम्बन्धी नीति कार्यान्वयनको अवस्था र सो को प्रभावकारिता सम्बन्धमा नियमित रुपमा अनुगमन हुनु पर्ने ।

➡ ऐनका प्रावधानहरुलाई व्यवहारिक तवरबाट अवलम्बन गर्न सकिने गरी सुधार र परिस्कृत गरिनुपर्ने ।

➡ औपचारिक प्रावधानका रुपमा रहदै आएको का.स.मू. व्यवस्थालाई समयानुकुल र वस्तुगत बनाउनुपर्ने ।

➡ कार्यालयको कार्यप्रकृति अनुसार भौतिक श्रोतसाधनले सु-सज्जित गरिनुपर्ने ।

➡ टाइपिष्ट दरवन्दीबाट बढुवा भएकाहरुलाई इच्छुकहरुको निवेदन बमोजिम कम्प्यूटर अपरेटरमा पद परिवर्तन गरिदिने ।

➡ गाउँ विकास समितिको कार्यवोझ निरन्तर वृद्धि हुँदै गएकोले प्रत्येक गाउँ विकास समितिमा अधिकृतस्तरका कर्मचारीहरुलाई पदस्थापन गर्ने व्यवस्था गर्ने ।

➡ रिक्त दरवन्दीमा कर्मचारीहरु समयमै पठाउने । यसका लागि अतिरिक्त समूह एवं सेवा परिवर्तन गर्न चाहने योग्य कर्मचारीहरु छनौट गर्न सकिने ।

➡ शासकीय सुधारका कार्यक्रमहरुमा अनुगमनको पक्षमा बढी केन्द्रित गरिनुपर्ने ।

➡ राजश्व आर्जन गर्ने निकायहरुमा कर्मचारी अभाव हुन नदिने ।

➡ क्षेत्रीय र अञ्चलस्तरबाट गाविस सचिवहरु भर्ना गरिने हुँदा उनीहरुलाई पूर्व सेवाकालिन तालिम दिने व्यवस्था गर्ने ।

➡ एकिकृत सेवा केन्द्रहरु स्थापना गरि सेवाको प्रभावकारिता अभिवृद्धि गर्ने ।

➡ एउटै कार्यालयमा कार्यरत रहँदा कर्मचारीहरुमा कार्यप्रति निराशाभाव उत्पन्न हुने स्थितिको सुधारका लागि सेवा अवधिभर निश्चित अवधिका लागि स्थानान्तरणको व्यवस्था पदस्थापनाकै बेलामा गर्ने ।

➡ सेवा, समूह, तथा कार्यालयहरु बीचमा सेवा र सुविधामा भएको विभेदलाई अन्त्य गरी सूचकहरु सहितको कार्यसम्पादनमा आधारित तलव प्रणाली लागू गर्ने ।

- जनघनत्व र भौगोलिक अवस्थितिका आधारमा सरकारी कार्यालयहरु स्थापना गर्ने र सो का लागि अन्तराष्ट्रिय रुपमा स्विकृत मान्यता अनुसार निजामती कर्मचारीको संख्या थप गर्ने ।

- शासकीय सुधारसँग सम्बन्धित बुकलेट तथा जानकारीमुलक सामाग्रीहरु प्रकाशन गरी वितरण गर्ने ।

- सेवा प्रवेश गरेपछि कर्मचारीले के के काम गर्नुपर्ने हो सोका बारेमा जानकारी सहितको कार्यविवरण सार्वजनिक गर्ने ।

- शीतोष्ण बागवानी विकास केन्द्र, मार्फालाई नमुना कृषि केन्द्रको रुपमा विकास गर्न आवश्यक व्यवस्था गर्नुपर्ने ।

समाप्त